# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७४) काठमाडौं, वैशाख १० गते, २०८१ साल (संख्या २

## भाग ३

### नेपाल सरकार

### सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको

### सूचना

**अतिरिक्त हुलाक (पाँचौं संशोधन) नियमावली, २०८०**

अतिरिक्त हुलाक नियमावली, २०३४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

हुलाक ऐन, २०१९ को दफा ६९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "अतिरिक्त हुलाक (पाँचौं संशोधन) नियमावली, २०८०" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. **<u>अतिरिक्त हुलाक नियमावली, २०३४ मा नियम ७क. र ७ख. थप:</u>** अतिरिक्त हुलाक नियमावली, २०३४ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ७ पछि देहायको नियम ७क. र ७ख. थपिएका छन्:-

"**७क. <u>अनिवार्य अवकाश:</u>** (१) नियम ७ को उपनियम (१) बमोजिम नियुक्त भएका हुलाक प्रतिनिधि, वितरक र डाँक वाहकले अन्ठाउन्न वर्ष उमेर पूरा भएपछि अनिवार्य अवकाश पाउनेछन्।

(२) उपनियम (१) को प्रयोजनको लागि उमेरको गणना गर्दा हुलाक प्रतिनिधि, वितरक र डाँक वाहकको नेपाली नागरिकताको प्रमाणपत्रमा उल्लिखित जन्म मितिलाई आधार लिनु पर्नेछ। नेपाली नागरिकतामा महिना र गते नखुलेमा नागरिकता प्रमाणपत्र जारी भएको मितिलाई आधार लिनु पर्नेछ।

**७ख. <u>पद खारेज हुने:</u>** यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो नियम प्रारम्भ भएपछि अतिरिक्त हुलाकमा रिक्त रहेका हुलाक प्रतिनिधि, वितरक वा डाँक वाहकको पद र यो नियम प्रारम्भ भएपछि रिक्त हुने त्यस्तो पद स्वतः खारेज हुनेछ।"

३. **<u>मूल नियमावलीमा नियम १२ख. र १२ग. थप:</u>** मूल नियमावलीको नियम १२क. पछि देहायका नियम १२ख. र १२ग. थपिएका छन्:-

"**१२ख. <u>स्वेच्छिक अवकाश:</u>** (१) अतिरिक्त हुलाकमा कार्यरत हुलाक प्रतिनिधि, वितरक वा डाँक वाहकले यो



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नियमावली प्रारम्भ भएको मितिले तीन महिनाभित्र स्वेच्छिक अवकाश लिन सक्नेछन् ।

(२) उपनियम (१) बमोजिम स्वेच्छिक अवकाश लिन चाहने हुलाक प्रतिनिधि, वितरक वा डाँक वाहकले सम्बन्धित जिल्ला हुलाक कार्यालयमा निवेदन दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम निवेदन परेमा नियम १२क. बमोजिमको उपचार खर्चको अतिरिक्त नियम १२ग. बमोजिमको थप सुविधा समेत पाउने गरी सम्बन्धित जिल्ला हुलाक प्रमुखले निर्णय गर्नेछ।

**१२ग.** **थप सुविधाः** नियम ७क. बमोजिम अनिवार्य अवकाश हुने र नियम १२ख. बमोजिम स्वेच्छिक अवकाश लिने हुलाक प्रतिनिधि, वितरक र डाँक वाहकलाई नियम १२क. बमोजिमको उपचार खर्चका अतिरिक्त देहाय बमोजिमको रकम थप सुविधा बापत उपलब्ध गराइनेछः-

| **क.सं.** | **सेवा अवधि** | **नियम १२क. बमोजिम पाउने रकमको** |
|---|---|---|
| १. | एक वर्षदेखि दश वर्षसम्म | पचास प्रतिशत |
| २. | एघार वर्षदेखि बिस वर्षसम्म | पैंसट्ठी प्रतिशत |
| ३. | एक्काइस वर्षदेखि तिस वर्षसम्म | असी प्रतिशत |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| ४. | एकतिस वर्षदेखि चालिस वर्षसम्म | नब्बे प्रतिशत |
| ५. | एकचालिस वर्ष वा सो भन्दा माथि | शतप्रतिशत" |

४. **<u>मूल नियमावलीको नियम १५ मा संशोधन</u>**: मूल नियमावलीको नियम १५ को सट्टा देहायको नियम १५ राखिएको छः-

"१५. **<u>काम गर्ने</u>**: अतिरिक्त हुलाकमा कार्यरत हुलाक प्रतिनिधि, वितरक वा डाँक वाहकमध्ये कुनै पद खारेज भएमा नियम १९क. बमोजिम अतिरिक्त हुलाक खारेज नभएसम्म निजहरुले गरेको काम जिल्ला हुलाक प्रमुखले तोकेको सोही अतिरिक्त हुलाकमा कार्यरत हुलाक प्रतिनिधि, वितरक वा डाँक वाहकले गर्नेछ।"

५. **<u>मूल नियमावलीमा नियम १९क. थप</u>**: मूल नियमावलीको नियम १९ पछि देहायको नियम १९क. थपिएको छः-

**"१९क. <u>अतिरिक्त हुलाक खारेज हुने</u>:** (१) नियम ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि अतिरिक्त हुलाकमा कार्यरत हुलाक प्रतिनिधि, वितरक र डाँक वाहक अवकाश भएमा वा निजहरु सबैको पद रिक्त भएमा त्यस्तो अतिरिक्त हुलाक स्वतः खारेज हुनेछ।

(२) उपनियम (१) बमोजिम अतिरिक्त हुलाक खारेज भएमा त्यस्तो अतिरिक्त हुलाकको चलअचल सम्पत्तिको व्यवस्थापन र संरक्षण सम्बन्धित जिल्ला हुलाक कार्यालयले गर्नेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. **रुपान्तरः** मूल नियमावलीको ठाउँ ठाउँमा रहेका देहायका शब्दहरुलाई देहाय बमोजिम रुपान्तर गरिएको छः-

(क) "निरीक्षक" भन्ने शब्दहरुको सट्टा "हुलाक अधिकृत"

(ख) "गाउँ विकास समिति" भन्ने शब्दहरुको सट्टा "गाउँपालिका"।

**आज्ञाले,**

**रामकृष्ण सुवेदी**

**नेपाल सरकारको सचिव ।**

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।